बैठक संख्या : ९४औं (चौरानब्बे)

समय :

आज मिति २०८१ बैशाख ०९ गते विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री प्रभा बोगटी | नगर उपप्रमुख | [signature] |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | [signature] |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | [signature] |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | [signature] |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | [signature] |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | [signature] |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | [signature] |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | [signature] |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | [signature] |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | [signature] |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | [signature] |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | [signature] |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | [signature] |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | [signature] |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |
| २५ | हरि प्रसाद प्याकुरेल | नि. प्रमुख प्रशासकीय अधिकृत | [signature] |

# १४ औँ कार्यपालिका बैठक (२०८१।०१।०९)

**विषय सूची:**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

२. १४ औँ नगरसभामा पेश हुने योजनाहरुको नाम संशोधन/रकमान्तर तथा कार्यक्रमहरु थपघट सम्बन्धमा

३. कार्यविधि संशोधन / स्वीकृत सम्बन्धमा

  क. विदुर नगरपालिका भित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका (पहिलो संशोधन), २०८१

  ख. प्राइभेट साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१

४. विदुर नगरपालिका वडा नं.२,५,४ र ६ ढल प्रशोधन केन्द्र निर्माण सम्बन्धमा

५. DPR स्विकृत सम्बन्धमा

६. गदियाखोला खानेपानी योजना, विदुर १, ७, ८, ९ सम्बन्धमा

७. च्वाडी स्कुलमा क्रिकेट रंगशाला निर्माण सम्बन्धमा

८. विविध

  क. सामाजिक सुरक्षा कोष सम्बन्धमा

  ख. ठेक्काको म्याद थप सम्बन्धमा

  ग. गत बर्षको दायित्व भुक्तानी सम्बन्धमा

  घ. सामुहिक बिमा सम्बन्धमा

  ङ. इट्टा डि.पो. सम्बन्धमा

  च. पुन सूचना प्रकाशन गर्ने सम्बन्धमा

**र्णयहरू**

प्रस्ताव नं १: गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

निर्णय नं १: यस नगर कार्यपालिकाको १३ औ कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखाहरुलाई पत्र मार्फत निर्देशन दिएको ।

प्रस्ताव नं २: १४ औँ नगरसभामा पेश हुने योजनाहरुको नाम संशोधन/रकमान्तर तथा कार्यक्रमहरु थपघट सम्बन्धमा

निर्णय नं २: १३ औँ नगरसभावाट स्वीकृत विभिन्न कार्यक्रम कार्यान्वयनमा लैजाने क्रममा योजनाको नाम संशोधन/रकमान्तरको साथै योजनाको स्विकृत वजेटमा असर नपर्ने गरी थपघट गर्नुपर्ने देखिएको हुँदा तपसिलमा उल्लेखित कार्यक्रमको संशोधन तथा रकमान्तर र थपघट गर्न आगामी १४ औँ नगरसभामा पेश गर्ने ।

प्रस्ताव नं ३: निर्देशिका/ कार्यविधि संशोधन स्वीकृत सम्वन्धमा

निर्णय नं ३: विदुर नगरपालिकाको विधायन समितिमा छलफल भई नगर कार्यपालिकाको वैठकमा पेश हुन आएको तपसिलमा उल्लेखित कार्यविधि स्विकृत गर्ने ।

क) विदुर नगरपालिका भित्र अटो तथा ई-रिक्सा सञ्चालन/व्यवस्थापन निर्देशिका, (पहिलो संशोधन कार्यविधि - २०८१)

ख) प्राइभेट सांझेदारी फर्मको दर्ता,नविकरण,सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, (पहिलो संशोधन-२०८१)

प्रस्ताव नं ४: **विदुर नगरपालिका वडा नं.२,५,४ र ६ ढल प्रशोधन केन्द्र निर्माण सम्बन्धमा :-**

निर्णय नं ४: विदुर नगरपालिकाको वडा नं.२,४,५ र ६ को १४३३ घरधुरीको ८३५९ नगरवासीका जनता र केन्द्रिय कारागारको १०,००० कैदी वन्दी सहित १८३५९ लाभान्वित हुने गरी निर्माणाधिन विदुर ढल निर्माण आयोजनाको निम्ती उपयुक्त जग्गा अभावले प्रशोधन प्रणाली निर्माण हुन नसकेकोले कारागार व्यवस्थापन विभागको आवश्यकता अनुसार सघन शहरी तथा भवन निर्माण आयोजना धादिङवाट स्विकृत गुरुयोजना अनुसार कार्यान्वयन भइरहेको करिव ६४५ रोपनी जग्गा ओगटेको केन्द्रिय कारागार निर्माण आयोजना नुवाकोटको कि.नं.३७८ र ६६८ को जग्गाको दक्षिण पट्टी क्षेत्रमा ढल प्रशोधन केन्द्र निर्माण गर्दा ढल प्रणालीको पाइपालाईन कारागारको कम्पाउण्ड वाल भन्दा दक्षिण पूर्वी सिमानाको कम्पाउण्ड वाल भन्दा वाहिरवाट कारागारको सुरक्षा संवेदनशिलतालाई असर नपर्ने गरी लैजान मिल्ने साथै कारागारको गुरुयोजना अनुसार वाहिरी वाटो निर्माण तथा कारागारले प्रयोग गर्ने गरी वायोग्याँस प्लाण्ट निर्माण समेत उक्त आयोजनाले गर्नेगरी प्रशोधन निर्माण प्रणालीको लागि कारागारको जग्गाको पुच्छारको भागवाट ३० रोपनी जग्गा यस नगरपालिकाको नाममा माग गर्नको निमित्त कारागार व्यवस्थापन विभाग,गृह मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने गरी पत्राचार गर्ने ।

प्रस्ताव नं ५: **DPR स्विकृत सम्बन्धमा**

निर्णय नं ५: यस नगरपालिकावाट विभिन्न मितिमा तयार गरिएको तपसिलमा उल्लेखित योजना/आयोजनाको DPR स्विकृत गर्ने ।

तपसिलः

१. औद्योगिक ग्राम निर्माण, विदुर-१०

२. विदुर जलविहार तथा पर्यटकीय पार्क , विदुर-९

३. सिर्खाली वृहत खानेपानी योजना, विदुर ३

४. स्यानीटरी ल्याणडफिल्ड साइट निर्माण, विदुर ४

५. बेत्रावती केराघारी गेर्खु सडक, विदुर १०,११

६. क्रिकेट रंगशाला, विदुर ५

प्रस्ताव नं ६: **गदियाखोला खानेपानी योजना, विदुर १, ७, ८, ९ सम्बन्धमा**

निर्णय नं ६: विदुर नगरपालिकामा गत आ.व. देखि नै म्यागङ गा.पा.वडा नं.२ स्थित गदियाखोला मुहान गरी विदुर नगरपालिका वडा नं.१, ७, ८ र ९ को लागि खानेपानी योजना सञ्चालनमा रहेको र यस वर्ष पनि प्राथमिकतामा राखि उक्त योजनालाई वजेट विनियोजन भई सङ्घीय सरकारवाट निर्माण हुने विशेष अनुदान शीर्षकमा राखि मिति २०८० माघ २४ गते वसेको नगरपालिका वैठकले निर्णय गरी सङ्घीय सरकार समक्ष पठाइएको विदुर नगरपालिकाको प्राथमिकता प्राप्त योजना भएको कारण उक्त योजनालाई नगरपालिकावाट पनि स्रोत सुनिश्चितता गरी सम्पन्न गर्ने लक्ष रहेको हुँदा यस वर्ष विनियोजित रकमवाट उक्त योजनाको लागि सामान खरिद गरी राख्ने र आगामी नगरसभावाट थप वजेट विनियोजन गरी उक्त सामान सोही योजनामा प्रयोग गरी काम सम्पन्न गर्ने गरी टेण्डर मार्फत सामान खरिद गर्न कार्यालयलाई निर्देशन दिने साथै उक्त खानेपानी मुहानका बासिन्दाहरूले दिएको निवेदन माग अनुसार प्रभावित क्षेत्रमा रू २०००,००। (अक्षेरूपी रू बीस लाख मात्र) बराबरको स्रोत साधन उपलब्ध गराउने ।

प्रस्ताव नं ७: **विदुर ५, च्वाडी पब्लिक मा.वि. मा क्रिकेट रंगशाला निर्माण सम्बन्धमा**

निर्णय नं ७: विदुर नगरपालिका वडा नं.५ मा रहेको च्वाडि पब्लिक मा.वि.को नाममा दर्ता कायम रहेको जग्गामा क्रिकेट रंगशाला निर्माण गर्न सङ्घीय सरकार र प्रदेश सरकारलाई अनुरोध गरी पठाउने ।

प्रस्ताव नं ८: **विविधः-**

क) **सामाजिक सुरक्षा कोष सम्बन्धमा:-** यस कार्यालयमा करारमा कार्यरत कर्मचारीहरु मध्ये केहीको सामाजिक सुरक्षा कोषको रकम कट्टा गर्ने गरेको र केही कर्मचारीको सामाजिक सुरक्षा कोष रकम कट्टा नगरिएको हुँदा वाँकी सामाजिक सुरक्षा कोष रकम कट्टा नगरिएका करारका कर्मचारीहरुको पनि सामाजिक सुरक्षा कोष रकम कट्टा गर्ने व्यवस्था गर्ने ।

**ख) ठेक्काको म्याद सम्बन्धमा:-** यस कार्यालयवाट निर्माण भइरहेको तपसिलमा उल्लेखित योजनाको ठेक्का सम्झौता अनुसार काम सम्पन्न नभएको हुँदा निम्न लिखित योजनाको म्याद थप गरी थपिएको समयमा काम सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीहरुलाई पत्राचार गर्ने ।

१. गंगटे आँपघारी सडक, विदुर ५ को म्याद मिति २०८१।०२।१५ सम्म थप गर्ने ।

२. चण्डेश्वरी गहते साहुगाउँ सडक, विदुर ७ को मिति २०८१।०३।१५ सम्म थप गर्ने ।

**ग) गत वर्षको दायित्व भुक्तानी सम्बन्धमा**

विदुर नगरपालिका वडा नं ७ तुप्चेमा हरेक वर्ष गर्दै आएको असार १५ धान रोपाइ कार्यक्रममा गत आ.व. २०७९।०८० आषाढ १५ गते को उक्त कार्यक्रममा भएको खर्च रकम चालु आ.व. को स्वीकृत कार्यक्रम अनुसार भुक्तानी गर्ने ।

**घ) सामुहिक बिमा सम्बन्धमा**

विदुर नगरसभाका सम्पूर्ण पदाधिकारी र करारमा कार्यरत कर्मचारीहरूको बीमा कम्पनीसंग सम्झौता गरी सामुहिक बीमा गर्ने । सोको आर्थिक दायित्व नगरपालिकाले व्यहोर्ने ।

**ङ) इट्टा डि.पो. सम्बन्धमा**

विदुर नगरपालिका वडा नं ४ घण्टाघर चोक देखि कृयापुत्री प्रतिष्ठान सम्मको दायाँ बाँयाको इटाको डिपो हटाउनुको साथै गल्छी त्रिशूली मैलुङ स्याफ्रुबेशी सडक र त्यसै सडक संग जोडिएको सहायक मार्ग क्षेत्रमा रहेको इटा डिपोहरु वडा कार्यालयको सहमतीमा अन्यन्त्र ठाँउमा राख्ने व्यवस्था गर्ने ।

**च) पुन सूचना प्रकाशन गर्ने सम्बन्धमा**

मिति २०८०/१२/०४ मा प्रथम पटक घण्टाघर देखि कृयापुत्री प्रतिष्ठान सम्मका जग्गामा बनेका अस्थायी टहरा हटाउने भनी सूचना प्रकाशन गरेको र त्यसको समय अवधी मिति २०८१/०१/१० गते सरिएको हुँदा दोस्रो पटक १५ दिनको म्याद दिई पुन सूचना प्रकाशन गर्ने ।